# নেপালী (প্রথম ভাষা)

# NEPALI (FIRST LANGUAGE)

# नेपाली पहिलो भाषा

'द्विखण्डित निती'

द्विखण्डित क्षेत्रमा पश्चिम बंगाल मध्य शिक्षा परिषद्को निर्देशानुसार वर्तमानमा चालू राखिने पाठ्य सूचीको कुनै मौलिक परिवर्तन गरिएको छैन। केवल दुईवटा श्रेणीका विद्यार्थीहरूका उमेर, मानसिक सामर्थ्य औ बोध शक्तिको क्रममा अग्रगतिको लक्ष्य राखेर चालू पाठ्य सूचीको अल्पविस्तार पुनर्विन्यास गरिएको छ। सामर्थ्यको स्तरविन्यास अनुसार अङ्क विभाजन अल्पविस्तार र पुनर्विन्यास गरिएको छ।

प्रथम भाषा नेपालीमा अविभक्त पाठ्यसूचीमा श्रेणी अनुसार पाठ विभाजन गरिएको थियो। यसैले त्यहाँ पाठ सङ्कलन र सहायक पाठको विषयं निर्वाचन पाठ्य रचनाहरू कालानुक्रमिक विन्यासमाथि जोड़ दिइएको थियो। तर बर्तमान पाठ विभाजनमा कालानुक्रमिकको सट्टा विद्यार्थीहरूका मानसिक सामर्थ्यलाई विशेष रूपले हेरिएको छ। यसैले पाठ विन्यासको क्षेत्रमा भाव र भाषाबाट जुन रचनाहरू अपेक्षाकृत कुनै कठीन देखिएकोलाई दशौं श्रेणीमा अन्तर्भुक्त गरिएको छ। तर दुवै श्रेणीमा छात्र-छात्रालाई ज्ञानमूलक, बोधमूलक, तथ्यपरक सामर्थ्य आर्जनमा स्पष्ट होस् भन्ने कुरा विचार गरिएको छ।

नयाँ पाठ्य सूचीमा लेखन क्षेत्रमा विभिन्न प्रयोगमूलक सामर्थ्य आर्जन होस् भन्ने ध्येय राखिएको छ। तर सबै पाठ समतुल्य छैन, वाग्धारा, विराम चिह्न, भाव सम्प्रसारण, भावार्थ वा प्रतिवेदन रचना सभाको वार्य विवरण, रचना लेखन क्षेत्रमा प्रकाश गर्न सुयोग भए तापनि विषयहरूको चारैतिर एक विषय वा नियमका दृढ नियन्त्रण हुन्छ। पक्षान्तरमा प्रबन्ध रचनामा विषयको नियन्त्रण भए तापनि कल्पना चिन्तन शक्ति प्रकाश गर्ने क्षमता प्रचुर मात्रामा रहेको छ। अनुवादको क्षेत्रमा शब्दानुवाद गर्न नसके तापनि भावानुवाद पनि गर्न सकिन्छ। तर दुवै क्षेत्रमा भाषिक दक्षता सँगसँगै मात्रा बोधको पनि जरूरी छ। यसको लागि अभ्यास प्रकृति दिशाबाट पाठ्यक्रमको अन्य पाठको तुलनामा प्रबन्ध रचना र अनुवादमा केही उन्नत प्रयोग सामर्थ्यको निर्देश पाइन्छ। यी दुई सामर्थ्य उन्नततर भएकोले नै दूईवटा विषय (अनुवाद/प्रबन्ध रचना) दशौं श्रेणीको पाठ्य सूचीमा अन्तर्भुक्त गरिएको हो। बाँकी नवौं श्रेणीमा अन्तर्भुक्त छ।

अविभक्त पाठ्य सूचीमा पनि व्याकरण श्रेणी मुताबिक विभाजन भएको थियो, त्यसमा पनि विभिन्न पाठको स्तर अनुसार थियो। मध्य शिक्षा परिषद्को नियमानुसार – "Farming of New Syllabus - Giudelines... Stage - I Bifureation Principle. 1. The bifureated Principle should be based on the fundamental Concept of graded secondary Syllabus only limited essential topics from IX may be included in Class X as revision topics."

यसैले व्याकरणका पाठ्यसूचीमा कुनै नयाँ पुनर्विन्यास नगरेर अहिले अघि झैं श्रेणी अनुसार विभाजन दोहोरिएको छ।

# पाठ्यक्रम

## नेपाली पहिलो भाषा

नवौं श्रेणीका निम्ति पूर्णाङ्क : १००

१. कविता :

| | |
|---|---|
| क) समुद्र लङ्घन | भानुभक्त आचार्य |
| ख) गौँथलीको चिरीबिरी | लेखनाथ पौड्याल |
| ग) किसान | लक्ष्मीप्रसाद देवकोटा |
| घ) विहान | वीरेन्द्र सुब्बा |
| ङ) कलमवीर | माधवप्रसाद घिमिरे |
| च) जन्मभूमि | लक्खीदेवी सुन्दास |
| छ) आँधी एक चलाऊ | नरेन्द्रप्रसाद कुमाई |

२. कथा :

| | |
|---|---|
| क) पुष्पराग | रूपनारायण सिंह |
| ख) औंठी | अच्छ राई 'रसिक' |
| ग) मान्छे मान्छेकै बस्तीभित्र | गुप्त प्रधान |
| घ) देशलाई तिम्रो एक मुट्ठी माया भए पुग्छ | विन्द्या सुब्बा |
| ङ) यात्री | शिवकुमार राई |

३. नाटक :

| | |
|---|---|
| क) टीका पनि व्यापार पनि | रामलाल अधिकारी |

४. प्रबन्ध :

| | |
|---|---|
| क) आइन्सटाइन | राजनारायण प्रधान |

५. पूरकपाठ :

| | |
|---|---|
| क) मुनामदन (खण्डकाव्य) | लक्ष्मीप्रसाद देवकोटा |

६. व्याकरण:

i) व्याकरणको अर्थ, परिभाषा, प्रयोजन र उपयोगिता

ii) सन्धि – सन्धिको अर्थ, सन्धि योजना एवं सन्धि विच्छेद, सन्धिका प्रकार र त्यसका सोदाहरण परिचय।

iii) लिङ्ग, वचन, पुरुष – प्रत्येक अर्थ, परिभाषा, प्रकार, लिङ्ग र वचनका परिवर्तनका नियम तथा उदाहरण

iv) शब्द रूपान्तर : नामबाट विशेषण र क्रिया, क्रियाबाट नाम र विशेषण तथा वशेषणबाट क्रिया र नाम बुझाउने नियमहरूको सोदाहरण परिचय

v) छन्द : छन्दको अर्थ, परिभाषा, प्रकार, छन्दोविधान पद्धति।
(ख) झ्याउरे, सवाई, सेलो, आर्या, शार्दूलविक्रीडित र
नोटक छन्दहरूको सोदाहरण परिचय

vi) अलंकार (क) अलंकारको अर्थ, परिभाषा र भेदोपभेदहरूको
परिचय (ख) श्लेष, यमक, अनुप्रास र उपमा अलंकारहरूको
सोदाहरण परिचय।

vii) रचना : (क) संवाद लेखन (ख) सारांश लेखन
(ग) भाव-विस्तार (घ) पत्र-लेखन
(च) प्रतिवेदन लेखनका विधि र प्रयोग।

viii)वाक्य रचना : बाग्धारा वा वाक्यांश, उखान -तुक्का
युगल शब्द, सम्मोचारित शब्द,
सुहाउँदिला शबद्हरूको अर्थ, प्रयोजन,
उपयोगिता र महत्त्वको अध्ययन तथा
वाक्य रचनामा तिनीहरूको प्रयोग।

ix) निबन्ध : निबन्ध लेखन।

x) अनुवाद : अंग्रेजीबाट नेपालीमा अनुवाद।

७. मौखिक परीक्षा – अङ्क : १०

# पाठ्यक्रम

## नेपाली पहिलो भाषा

नवौं श्रेणीका निम्ति पूर्णाङ्क : १००

एकाइ : १ कविता, कथा, व्याकरण अङ्क : २०

पाठ्यांश : १. समुन्द्र लङ्घन (कविता) – भानुभक्त आचार्य
२. पुष्पराग (कथा) – रूपनारायण सिंह
३. गौँथलीको चिरिबिरी (कविता) – लेखनाथ पौड्याल
४. औँठी (कथा) – अच्छा राई 'रसिक'

व्याकरण : क) व्याकरणको अर्थ, परिभाषा, प्रयोजन र उपयोगिता
ख) सन्धि – सन्धिको अर्थ, सन्धि योजना एवं सन्धि विच्छेद, सन्धिका प्रकार र प्रत्येक प्रकारका सन्धिहरूको सोदाहरण परिचय

एकाइ : २ कविता, कथा, नाटक, व्याकरण अङ्क : २०

पाठ्यांश : १. किसान (कविता) – लक्ष्मीप्रसाद देवकोटा
२. बिहान (कविता) – वीरेन्द्र
३. मान्छे मान्छेकै बस्तीभित्र (कथा) – गुप्त प्रधान
४. देशलाई तिम्रो एकमुठी माया भए पुग्छ (कथा) – विन्द्या सुब्बा

व्याकरण : क) लिङ्ग, वचन, पुरुष – प्रत्येक अर्थ, परिभाषा, प्रकार; लिङ्ग र वचन परिवर्तनका नियम तथा उदाहरण
ख) शब्द रूपान्तर – नामबाट विशेषण र क्रिया; क्रियाबाट नाम र विशेषण तथा विशेषबाट क्रिया र नाम बनाउने नियमहरूको सोदाहरण परिचय।

एकाइ – ३ कविता, कथा, प्रबन्ध, नाटक, छन्द-अलङ्कार र अनुवाद अङ्क : ३०

पाठ्यांश : १. कलमवीर (कविता) – माधवप्रसाद घिमिरे
२. जन्मभूमि (कविता) – लक्खीदेवी सुन्दास
३. यात्री (कथा) – शिवकुमार राई
४. आइन्सटाइन (प्रबन्ध) – राजनारायण प्रधान
५. टीका पनि व्यापार पनि (नाटक) – रामलाल अधिकारी

छन्द : छन्दको अर्थ, परिभाषा, प्रकार, छन्दोविधान पद्धति।
इयाउरे, सवाई, सेलो, आर्या, शार्दूलविक्रीडित र तोटक छन्दहरूको सोदाहरण परिचय।

अलङ्कार : अलङ्कारको अर्थ, परिभाषा र भेदोपभेदहरूको परिचय।
श्लेष, यमक, अनुप्रास र उपमा अलङ्कारहरूको सोदाहरण परिचय।

अनुवाद : अंग्रेजीबाट नेपालीमा अनुवाद।

एकाइ : ४ कविता, पूरकपाठ, रचना, वाक्य रचना र निबन्ध लेखन — अङ्क : २०

पाठ्यांश : १. आँधी एक चलाऊ (कविता) – नरेन्द्रप्रसाद कुमाई

पूरकपाठ २. मुनामदन (खण्डकाव्य) – लक्ष्मीप्रसाद देवकोटा

रचना : ३. (क) संवाद लेखन (ख) सारांश लेखन
(ग) भाव-विस्तार (घ) पत्र लेखन (ङ) प्रतिवेदन
लेखनका विधि र प्रयोग।

वाक्य रचनाः वाग्धारा वा वाक्यांश, उखान-तुक्का, युगलशब्द, समोच्चारित शब्द, सुहाउँदिला शब्दहरूको अर्थ, प्रयोजन, उपयोगिता र महत्त्वको अध्ययन तथा वाक्य रचनामा तिनीहरूको प्रयोग।

निबन्ध : निबन्ध लेखन।

एकाइ : ५ मौखिक परीक्षा
नवौं श्रेणीको पाठ्यक्रमबाट — अङ्क : १०

# पाठ्यक्रम

## नेपाली पहिलो भाषा

दशौँ श्रेणीका निम्ति | पूर्णाङ्क : १००

१. कविता :

| | |
|---|---|
| क) कर्म | बालकृष्ण सम |
| ख) तिमी को ? | गोपालप्रसाद रिमाल |
| ग) यस धरतीको पानीमा | बिजय मल्ल |
| घ) भित्री मान्छे बोल्न खोज्छ | हरिभक्त कटुवाल |
| ङ) जीवनको पूर्व-पश्चिम | पारिजात |
| च) मेरो मायाको नयाँ संस्करण | वैरागी काँइला |
| छ) देश महिमा | पुष्पलाल उपाध्याय |
| ज) मेरो बचाईको एक दिन | अगमसिंह गिरी |

२. कथा :

| | |
|---|---|
| क) दोषी चश्मा | विश्वेशर प्रसाद कोइराला |
| ख) अनुताप | इन्द्र सुन्दास |

३. नाटक :

| | |
|---|---|
| क) वियोग | मनबहादुर मुखिया |

४. निबन्ध :

| | |
|---|---|
| क) नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष | लक्ष्मीप्रसाद देवकोटा |
| ख) सागरमाथामा तेञ्जिङ | रामकृष्ण शर्मा |
| ग) संस्कृतिः देशकालको सचेततामा | इन्द्रबहादुर राई |

५. प्रबन्ध :

| | |
|---|---|
| क) लक्ष्मीप्रसाद देवकोटा | गणेशलाल सुब्बा |

६. पुरक पाठ :

| | |
|---|---|
| i) लुङखुम क्याम्प | सुवास घिसिङ |

७. व्याकरण :

| | |
|---|---|
| i) पद - | अर्थ, परिभाषा र भेदोपभेदहरू |
| ii) कारक र विभक्ति- | अर्थ, परिभाषा र प्रकारहरूको सोदाहरण परिचय/अध्ययन |
| iii) समास - | अर्थ, परिभाषा र प्रकारहरूको सोदाहरण अध्ययन। |
| iv) काल-पक्ष- | अर्थ, परिभाषा र भेदोपभेदहरूको सोदाहरण अध्ययन |

| | |
|---|---|
| v) वाक्य - | अर्थ, परिभाषा र भेदोपभेदहरूको सोदाहरण परिचय तथा वाक्य रूपान्तर |
| vi) वाच्य- | अर्थ, परिभाषा, प्रकार र वाच्य परिवर्तनका नियमहरूको सोदाहरण अध्ययन |
| vii) प्रत्यय - | कृत्, तद्धि प्रत्यय, निपात र उपसर्गहरूको अर्थ एवं परिभाषा तथा तिनको सोदाहरण परिचय। |
| viii) शब्द परिचय- | तत्सम, सद्भव र आगन्तुक शब्दहरूको सोदाहरण परिचय। |
| ix) चिह्न - | चिह्नका प्रकार, चिह्न प्रयोग विधि, प्रयोजन र उपयोगिता। |
| x) छन्द - | शिखरिणी, अनुष्टुप, उपेन्द्रवज्रा, मालिनी, स्वागता, वसन्ततिलका, स्रग्धरा, मन्दाक्रान्ता, द्रूतविलम्बित छन्दहरूको सोदाहरण परिचय। |
| xi) अलंकार- | रूपक, भ्रान्ति, सन्देह, उत्प्रेक्षा, समासोक्ति, स्वभावोक्ति, दृष्टान्त, अतिशयोक्ति, दीपक अलंकारहरूको सोदाहरण अध्ययन। |

८. निबन्ध रचना।

९. मौखिक परीक्षा - अङ्क : १०